- पुराना घरहरु अपेक्षा गरे बमोजिम दर्ता हुन नआएका, नयाँ घरहरु पनि हालसम्म मापदण्ड विना निर्माण भैरहेका र दर्ता भएका नयाँ घर पनि दक्ष डकर्मि र सिकर्मिको अभावमा मापदण्ड अनुसार निर्माण हुन नसकेको ।
- राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम समयमै प्राप्त हुन नसकेको ।
- अझै पनि स्थानीय स्तरमा जनचेतनाको कमीका कारण लक्षित वर्गको कार्यक्रमहरु बास्तविक लक्षित वर्ग सम्म पुग्न नसकेको ।
- नगरपालिकाका सबै कार्यहरु प्रविधिमैत्री बनाउन नसकिएको ।
- नगरक्षेत्र भित्रका सबै गैर सरकारी संस्थाका कार्यक्रमहरुलाई नगरपालिकाको छाता भित्र समेट्न नसकिएको ।
- नगरपालिका भित्र कृषी, पशुसेवा तर्फ व्यवसायिकता बृद्धि गरी आत्मनिर्भर बनाउन नसकिएको ।
- स्वास्थ्य जनचेतनाको स्तर कमजोर रहेको ।
- नगरपालिका गुणस्तरिय शिक्षा प्रदान गर्ने कार्य चुनौतिको रुपमा रहको ।
- बिभिन्न बिषयहरुसँग सम्बन्धित संरचना र कानूनहरु निर्माण गर्न नसकिएको ।
- प्राकृतिक साधन स्रोतको दोहनलाई अपेक्षित मात्रामा नियन्त्रण गर्न नसकिएको ।

**अवसरहरु**

- बिभिन्न दातृ निकाय र गैर सरकारी संस्थाका कार्यक्रमहरु नगरपालिकामा काम गर्न इच्छुक रहको ।
- प्राकृतिक साधन स्रोतको प्रचुरमात्रामा उपयोग गर्न सकिने सम्भाबना रहेको ।
- नगरबासीहरुको विकास प्रतिको चासो र सहभागिता उचो रहेको ।

**भावी योजना**

- नगरपालिकाको दीर्घकालिन योजना बनाइ व्यवस्थित र समुन्नत शहरको रुपमा विकास गर्ने ।
- बाणगङ्गा नगरपालिकालाई सूचनामैत्री बनाइ Paper Less शासकीय प्रणाली अवलम्बन गर्ने
- टोल टोलबाटै नियमित सेवा पुऱ्याउने संरचनाको निर्माण गर्ने ।

**सभाध्यक्ष, नगरसभाका सदस्यहरु तथा उपस्थित आदरणीय महानुभावहरु**

अन्त्यमा, नगरपालिकाले हालसम्म गरेका प्रगतिहरुको समिक्षाका लागि नगरकार्यपालिका, नगरपालिका कर्मचारी परिवार, पत्रकारज्यूहरु लगायत सम्पूर्ण नगरबासीहरुमा धन्यवाद ज्ञापन गर्दछु । हाल देखिएका समस्या तथा चुनौतिहरुलाई समाधान गर्दै अवसरको उच्चतम सदुपयोग गरी नगरको भावी योजना साकार गर्न सम्वद्ध सबैमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद !

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत
बाणगंगा नगरपालिका कार्यालय